नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

वर्ष २, अङ्क २, २०७९ फागुन
(February-March, 2023)

## लुम्बिनी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया

## लक्षित समुदायलाई बीमाको दायरामा ल्याउन आर्थिक सहायताको व्यवस्था गर्न अध्यक्ष सिलवालको आग्रह



लुम्बिनी प्रदेशका मुख्यमन्त्री लिला गिरी, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल तथा कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०७९ साल फागुन ११ गते लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाकक्षमा बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका मुख्यमन्त्री लिला गिरीले बीमाले जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्ने भएकाले विपन्न बर्ग सहित हरेक क्षेत्रमा बीमाको पहुँच पुग्ने गरी बीमाको योजना बनाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

मुख्यमन्त्री गिरीले कतिपय बीमा कम्पनीहरूले बीमितलाई बीमा दाबी भुक्तानी दिँदा दुःख दिने गरेको, नक्कली कागजातका आधारमा दाबी भुक्तानी दिने गरेको जस्ता गुनासाहरू आउने गरेको उल्लेख गर्नुहुँदै त्यस्तो हुन नदिई बीमाप्रतिको विश्वास बढ्ने गरी प्राधिकरणले नियमनमा कडाई गर्नुपर्ने बताउनुभयो।

लुम्बिनी प्रदेशका आर्थिक मामिलामन्त्री जोख बहादुर महराले बीमाको पहुँच बढाउनका लागि बीमा कम्पनीहरूले पनि स्थानीय तहसँग समन्वय गरेर बीमा सम्बन्धी सचेतना फैलाउनुपर्ने बताउनुभयो।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री विष्णु प्रसाद पन्थीले नागरिकहरूलाई स्वास्थ्य बीमाको सेवा पाउन गाह्रो हुने गरेको बताउनुभयो।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले न्यून आय भएका बर्ग र पिछडिएका क्षेत्रमा बीमाको पहुँच पुऱ्याउने उद्देश्यले हरेक प्रदेशमा केन्द्रीय कार्यालय रहने गरी एक एकवटा लघुबीमा कम्पनी स्थापनाका लागि स्वीकृत दिइएको जानकारी दिनुभयो।

अध्यक्ष सिलवालले लक्षित समुदायलाई बीमाको दायरामा ल्याउन आर्थिक सहायताको व्यवस्था गर्न प्रदेश सरकारसँग आग्रह गर्नुहुँदै सरकारी भवन लगायतका सम्पत्ति तथा परियोजनाहरूको बीमा गराउन र नागरिकलाई पनि आफ्ना सम्पत्तिको बीमा गर्न प्रोत्साहित गर्न आग्रह गर्नुभयो । अध्यक्ष सिलवालले बीमा सम्बन्धी कार्यको समन्वय गर्नका लागि बीमा डेस्क स्थापना गर्न प्रदेश सरकारसँग आग्रह गर्नुभयो।

लुम्बिनी प्रदेशका का.मु. मुख्य सचिव राजेन्द्र थापाले सडक, पुल लगायतका भौतिक संरचनाहरूको बीमा गर्नका लागि योजना ल्याउने जानकारी दिनुहुँदै देशको आवश्यकताका आधारमा बीमालेखहरूमा समसामयिक परिमार्जन गर्न आग्रह गर्नुभयो।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमाप्रतिको विश्वास बढ्ने गरी काम गर्न र अस्वस्थ प्रतिस्पर्धा नगर्न बीमा कम्पनीहरूलाई निर्देशन दिइएको बताउनुभयो।

कार्यक्रममा लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयका सचिव, प्रदेशस्थित विभिन्न निकायका पदाधिकारी, नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी), प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापा, शिखर इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीप प्रकाश पाण्डे, नेको इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक कुमार खड्का, नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक केदारनाथ भट्ट, बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरू लगायतको सहभागिता रहेको थियो।

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

**सल्लाहकारहरू**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री दिनेश कुमार लाल, निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सदस्यहरू**
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार
श्री पुष्पा कुँवर, उप निर्देशक
श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक

**प्रकाशक**
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर ।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

## बुटवल उपमहानगरपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया

# विपद्को बजेट बीमामा सदुपयोग गर्नसके सबैको जोखिम व्यवस्थापन हुन्छः अध्यक्ष सिलवाल



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल तथा कार्यकारी निर्देशक राजुरमण पौडेल र कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले भूकम्प, आगलागी, बाढी, पहिरो लगायतका विपत्तिमा राहत वितरणका लागि छुट्याइएको बजेट बीमामा सदुपयोग गर्नसके बीमाबाट सबैको जोखिम व्यवस्थापन हुने बताउनुभएको छ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०७९ साल फागुन १२ गते रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा आयोजित बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "स्थानीय सरकार जनताको अभिभावक हो, त्यसैले बीमालाई अनिवार्य गरेर सेवाप्रवाह गरेमा जोखिम न्यूनीकरण हुन्छ । घरको नक्सा पास गर्दा नै बीमा अनिवार्य गर्नुपर्छ । त्यसो भएमा कुनै घटनाबाट क्षति भएमा बीमा कम्पनीबाट नै क्षतिपूर्ति पाउने सुनिश्चितता हुन्छ।"

स्थानीय सरकारले बीमाका बारेमा बुझेपछि आम नागरिकसम्म बीमाका बारेमा जानकारी पुऱ्याउन सजिलो हुने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा दाबीका लागि सिफारिश दिँदा घटनाका बारेमा राम्रोसँग बुझेर मात्र सिफारिश दिन आग्रह गर्नुभयो।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले नागरिकको जीवन तथा सम्पत्तिको जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्नका लागि बीमालाई प्राथमिकताका साथ अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्री देवी अर्यालले उपमहानगरपालिकाले पहिलो प्रयासका रूपमा न्यून आय भएका बर्गको बीमा गर्ने कार्यलाई अगाडि बढाउने र बीमाको पहुँच विस्तारका लागि सम्बद्ध सबै निकायसँग सहकार्य गर्दै अगाडि बढ्ने जानकारी दिनुभयो।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले देशका सबै पालिकाहरूलाई बीमाका बारेमा जानकारी दिई पालिकाहरूमार्फत सबै नागरिकलाई बीमाको दायरामा ल्याउने उद्देश्यले प्राधिकरणले बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्दै आएको बताउनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले बीमाको परिचय, महत्व र बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमाको दायरामा विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो।

कार्यक्रममा सहभागीहरूले कतिपय बीमा कम्पनीहरूले आवश्यक कागजात विनानै बीमा गराउने तर दाबी भुक्तानीका बेला धेरै कागजात खोज्ने गरेको, बीमा दाबी भुक्तानी प्रभावकारी नभएको, निर्जीवन बीमाभन्दा जीवन बीमा झन्झटिलो रहेको, स्वास्थ्य बीमा प्रभावकारी नभएको, आगलागीबाट घर नष्ट हुँदा पनि बीमा दाबी भुक्तानी नपाएको, भनसुनबाट मात्र दाबी भुक्तानी दिने गरेको, कम्पनी पिच्छे बीमाका नियम फरक फरक हुने गरेको, पशुबीमाको दाबी भुक्तानीमा वडा कार्यालयको सिफारिश समेत नमान्ने गरेको, दाबी भुक्तानीमा एकरूपता नभएको, चोरीका घटनाको बीमाशुल्क निकै बढी भएको लगायतका गुनासाहरू गर्नुभएको थियो।

कार्यक्रममा बुटवल उपमहानगरपालिका वडा अध्यक्ष तथा सदस्य र कर्मचारीहरू, नेपाल बीमा प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापा, शिखर इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीप प्रकाश पाण्डे, नेको इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक कुमार खड्का, आईएमई लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुयाल, नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक केदारनाथ भट्ट, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुखहरू, उद्योगी व्यवसायी र संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल ।

# बीमा अभिकर्ताको जिम्मा बीमा कम्पनीले लिनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमाका बारेमा राम्रो ज्ञान भएका, परीक्षाबाट योग्य देखिएका र बीमाप्रतिको जिम्मेवारी बोध गरेका व्यक्तिलाई मात्र बीमा अभिकर्ताका रूपमा छनौट गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ।

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०७९ साल माघ ३ गते आयोजित बीमा अभिकर्ता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, “बीमाप्रति प्रतिवद्ध, दक्ष र योग्य बीमा अभिकर्ताबाट मात्र बीमा व्यवसायको गुणस्तर बृद्धि हुन्छ, बीमाप्रतिको विश्वास बढ्छ । बीमा कम्पनीहरूले यी विषयमा गम्भीर भएर बीमा अभिकर्ता इजाजतपत्रका लागि सिफारिश गर्नुपर्छ।”

अध्यक्ष सिलवालले भन्नुभयो, “एउटा बीमकको बीमा अभिकर्ताले अर्को समान किसिमको बीमकको बीमा अभिकर्ता भएर काम गर्न नपाउने कानूनी व्यवस्था छ । बीमा कम्पनीले बीमा अभिकर्ता छनौट गर्दा अर्को कम्पनीको बीमा अभिकर्ता नभएको निश्चित गरेर मात्र छनौट गर्नुपर्छ । बीमा अभिकर्ताको जिम्मा कम्पनीले लिनुपर्छ। बीमा अभिकर्ता हुन तोकिएको परीक्षा उत्तीर्ण गरेको हुनुपर्छ।”

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले विगतका कमी कमजोरी नदोहोरिने गरी सङ्ख्याभन्दा गुणस्तरलाई ध्यान दिएर काम गर्न तथा इजाजतपत्र नलिएकालाई बीमा अभिकर्ताका रूपमा काम नगर्न/नगराउन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक शाम्भराज लामिछानेले बीमकले बीमा अभिकर्ता छनौट गर्दा अन्य बीमा कम्पनीले आफूसँग उक्त बीमा अभिकर्ताको कुनै लेनदेन नभएको मञ्जुरीनामा दिएको वा बीमा अभिकर्ता स्वयम्ले अन्य बीमा कम्पनीमा आफ्नो कुनै लेनदेन बाँकी नरहेको कबुलियतनामा गरेको हुनुपर्ने स्पष्ट गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक शम्भुप्रसाद मिश्रले बीमा अभिकर्ता व्यवस्थापनका लागि प्राधिकरणबाट संचालनमा ल्याउन लागिएको अनलाइन प्रणालीका बारेमा प्रस्तुती गर्नुभएको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मी र निर्देशक पूजन ढुङ्गेल (अधिकारी) तथा जीवन बीमा कम्पनीहरूका बीमा अभिकर्ता शाखाका प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## निर्जीवन बीमकसँग बीमा अभिकर्ता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया

# "बीमा अभिकर्ताले बीमा कम्पनीलाई बजारमा स्थापित गर्न सक्नुपर्छ" – अध्यक्ष सिलवाल



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले आगामी पाँच वर्षभित्रमा बीमा व्यवसाय दोब्बरले वृद्धि गर्ने परिकल्पनाका साथ काम गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ।

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०७९ साल माघ ५ गते निर्जीवन बीमा कम्पनीहरूसँग भएको बीमा अभिकर्ता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले एक अर्काको बीमालेखको नक्कल नगरी नयाँ नयाँ बीमालेख ल्याउन तथा अस्वस्थ प्रतिस्पर्धा नगर्न कम्पनीहरूलाई निर्देशन दिनुभयो।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा अभिकर्ता बीमाका बारेमा राम्रोसँग बुझेको, बीमा व्यवसायका बारेमा जानकारी भएको, बीमा कम्पनीका बारेमा थाहा भएको हुनुपर्छ। बीमा अभिकर्ता बीमा कम्पनीले छान्ने भएकाले ती विषयमा कम्पनीहरूले ध्यान दिनुपर्छ, बीमा अभिकर्ताले कम्पनीलाई बजारमा स्थापित गर्न सक्नुपर्छ, कम्पनीहरूले परिमाणभन्दा गुणस्तरमा ध्यान दिनुपर्छ।"

देशमा हालै भएको बिमान दुर्घटनाको बीमा दाबी भुक्तानीमा समस्या नरहेको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "ठूला जलविद्युत आयोजना लगायत ठूला किसिमका संरचनाहरूको बीमा गराउनका लागि बीमा कम्पनीहरूबाट पनि प्रयास हुनुपर्‍यो, कम्पनीहरूले आफूले आर्जन गरेको रकमको दुई प्रतिशत कर्मचारीहरूको क्षमता अभिवृद्धिमा खर्च गर्नुपर्‍यो, त्यसका लागि कर्मचारीहरूले पनि व्यवस्थापनसँग माग गर्नुपर्‍यो, कर्मचारीहरूको दक्षतालाई सूचना प्रविधिमा आवद्ध गरी विकसित गर्नुपर्‍यो।"

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा ऐनमा व्यवस्था भए बमोजिम एक बीमक, एक बीमा अभिकर्ता कायम गर्नका लागि नदोहोरिने गरी प्रविधिमैत्री किसिमले बीमा अभिकर्ताको व्यवस्थापन गर्न लागिएको जानकारी दिनुभयो।

नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मीले प्राधिकरणले आफ्ना काम कारवाहीलाई प्रविधिमैत्री बनाउन जोड दिँदै आएको बताउनुभयो।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक शाम्भराज लामिछानेले बीमा कम्पनीले बीमा अभिकर्तालाई कामबाट अगल गर्दा निजसँग लेनदेन बाँकी नरहेको प्रमाणपत्र दिनुपर्ने र बीमा अभिकर्ताले बीमा कम्पनीमा प्रवेश गर्दा विगतमा अन्य कम्पनीमा काम गर्दा लेनदेन बाँकी भए आफैले बुझाउने कबुलियतनामा गरेको हुनुपर्ने स्पष्ट गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक शम्भुप्रसाद मिश्रले बीमा अभिकर्ता व्यवस्थापनका लागि प्राधिकरणबाट संचालनमा ल्याउन लागिएको अनलाइन प्रणालीका बारेमा प्रस्तुती गर्नुहुँदै बीमा कम्पनीहरूमा बीमा अभिकर्ता नदोहोरिने गरी छनौट गर्नका लागि प्राधिकरणको अनलाइन प्रणालीमा अनिवार्यरूपमा स्थायी लेखा नम्बर (पान) इन्ट्री गर्नुपर्ने प्रावधान राख्न लागिएको जानकारी दिनुभयो।

कार्यक्रममा निर्जीवन बीमा कम्पनीहरूका बीमा अभिकर्ता शाखाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## पोखरा महानगरपालिकामा बीमा सम्बन्धी अन्तरक्रिया

# विपन्न बर्गको बीमा गर्नका लागि आर्थिक सहायताको व्यवस्था गर्न अध्यक्ष सिलवालको आग्रह

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले महानगर भित्रका घर लगायत सम्पत्तिहरूको बीमा गराउनका लागि पहल गर्न पोखरा महानगरपालिकासँग आग्रह गर्नुभएको छ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा कास्की जिल्लाको पोखरा महानगरपालिकामा यही २०७९ साल फागुन ८ गते भएको बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले आर्थिकरूपले सम्पन्न व्यक्तिलाई बीमा गर्न प्रोत्साहन गर्न र विपन्न बर्ग पहिचान गरी बीमा गर्नका लागि आर्थिक सहायताको व्यवस्था गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेबी गुरूङले बीमा दाबी भुक्तानीमा देखिएका समस्या समाधान गरी दाबी भुक्तानीलाई सरल बनाउन र बीमा सम्बन्धी नीति तथा कार्यक्रम तर्जूमामा महानगरलाई सहयोग गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानी स्थानीयस्तरमा नै छिटोभन्दा छिटो गर्ने व्यवस्था गर्न प्राधिकरणले बीमा कम्पनीहरूलाई निर्देशन दिँदै आएको जानकारी दिनुभयो।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले महागरभित्रका घर लगायतका सम्पत्तिको बीमा गराउनका लागि महानगरपालिकाले पहल गर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुंगेल (अधिकारी) ले बीमाको परिचय, महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानी प्रक्रिया जटिल रहेको, बीमा कम्पनीबाट दाबी भुक्तानी पहुँचवालाले सहजै पाउने तर सामान्य नागरिकले दाबी भुक्तानी पाउन कठिन हुने गरेको, सरकार र महानगरपालिकाको अनुदानमा गरिएको कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानी नहुने गरेको, हुँदै नभएका बाली र पशुको समेत बीमा गर्ने गरेको, बीमा कम्पनीले कम दाबी भुक्तानी दिने गरेको लगायतका गुनासाहरू राख्नुभएको थियो।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङलाई सम्झनाको चिन्ह प्रदान गर्नुहुँदै।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले संचालन गर्नुभएको कार्यक्रममा पोखरा महानगरपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य र कर्मचारी, नेपाल बीमक संघका महासचिव अशोक कुमार खड्का, एल.आई.सी. नेपालका प्रमुख कार्यकारी अधिकृत लक्ष्मी प्रसाद दास, नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक केदारनाथ भट्ट, नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी, पोखरा च्याप्टरका पदाधिकारी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, बीमा सर्भेयर, बीमा अभिकर्ता लगायतको सहभागिता रहेको थियो।

यसैगरी, पोखरामा फागुन ८ गते नै नेपाल इन्स्योरेन्स प्रोफेशनल्स सोसाइटी (निप्स), पोखरा च्याप्टरसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमलाई सम्बोन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले सुशासन कायम गर्न, अस्वस्थ प्रतिस्पर्धा नगर्न र पारदर्शीरूपमा काम गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो।

अध्यक्ष सिलवालले बीमा सर्भेयरहरूले समयमा नै प्रतिवेदन बुझाउनुपर्ने, एउटै सर्भेयरसँग धेरै फाइलहरू थन्किएर रहने अवस्थाको अन्त्य हुनुपर्ने र बीमा कम्पनीहरूले समयमै सर्भेयर शुल्क भुक्तानी गर्नुपर्ने बताउनुभयो।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा ऐन बमोजिम एक कम्पनी एक बीमा अभिकर्ताको व्यवस्था कार्यान्वयनमा आएको र बीमा अभिकर्ताको परीक्षा अनलाइनबाट हुने व्यवस्था गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा सहभागी सर्भेयरहरूले सर्भेयरको परिक्षा, बर्गीकरण तथा संस्थागत योग्यताको व्यवस्था, सर्भेयर शुल्क, सर्भेयर पेशाको भविष्य, सर्भेयर पेशाप्रतिको आकर्षण लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुंगेल (अधिकारी), प्राधिकरणको गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहाल, प्राधिकरणका सहायक निर्देशक केदारनाथ भट्ट, निप्सका पदाधिकारी, बीमा कम्पनीका केन्द्रीय कार्यालय र प्रदेश तथा शाखा कार्यालयका पदाधिकारीहरू, बीमा सर्भेयर, बीमा अभिकर्ता लगायतको सहभागिता रहेको थियो।

## बुटवलमा उद्योगी व्यवसायीसँग बीमा सम्बन्धी अन्तरक्रिया

# 'बीमकका शाखा कार्यालयबाट दाबी भुक्तानी दिनका लागि पहल भइरहेको छ'

- अध्यक्ष सिलवाल



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीका शाखा कार्यालयहरूबाट नै बीमा दाबी भुक्तानी दिने व्यवस्था गर्न प्राधिकरणले पहल गरिरहेको बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०७९ साल फागुन १० गते रूपन्देही जिल्लाको बुटवलमा उद्योगी व्यवसायीसँग भएको बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले न्यूनतम कागजातको व्यवस्था गरी छिटोछरितोरूपमा बीमा दाबी भुक्तानी गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिएको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले दुर्घटना बीमाको बीमाङ्क बृद्धिका सम्बन्धमा सम्बद्ध सबै पक्षसँग छलफल गरेर आवश्यक प्रक्रिया अगाडि बढाउने बताउनुभयो ।

अध्यक्ष सिलवालले बीमा सचेतना अभिवृद्धि र बीमाको दायरा विस्तार लागि प्राधिकरणले प्रदेश सरकार र स्थानीय सरकारसँगको बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले प्राधिकरणका प्रदेश कार्यालयहरूबाट बीमा सम्बन्धी गुनासो व्यवस्थापनका साथै बीमकको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण लगायतका कार्यहरू हुँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा उद्योगी व्यवसायीहरूले बीमकले बीमितलाई नभई बीमितले बीमक खोज्ने परिस्थिति सिर्जना गर्नका लागि बीमा कम्पनीहरू समेत अग्रसर हुनुपर्ने, काठको बीमाका सम्बन्धमा नीतिगत व्यवस्था गर्नुपर्ने, दुर्घटना बीमाको बीमाशुल्क बढाएर मानवीय क्षतिको विद्यमान बीमाङ्क बृद्धि गर्नुपर्ने, बीमा दाबी भए बमोजिम दाबी भुक्तानी हुनुपर्ने, बीमा सचेतना एवम् बीमा शिक्षालाई सामूहिक रूपमा अगाडि बढाउनुपर्ने, बीमा सर्भेयरबाट छिटो प्रतिवेदन बुझाउने अनिवार्य व्यवस्था गरी छिटै दाबी फछ्र्यौट गरिनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी), प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापा, बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष उज्वल प्रसाद कसजु, शिखर इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीप प्रकाश पाण्डे, नेको इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक कुमार खड्का, यातायात व्यवसायी संघका पदाधिकारीहरू, नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक केदारनाथ भट्ट लगायत विभिन्न संघ संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

गोरखामा बीमा सम्बन्धी अन्तरक्रिया

# “बीमा कम्पनीले कृषि तथा पशुपन्छी बीमामा विशेष जोड दिनुपर्छ”

– कार्यकारी निर्देशक पौडेल



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल, गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरलाई सम्झनाको चिन्ह प्रदान गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले घर र कृषि तथा पशुपन्छी बीमामा विशेष जोड दिन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

प्राधिकरणको आयोजनामा गण्डकी प्रदेशको गोरखा जिल्लाको गोरखा नगरपालिकामा यही २०७९ साल माघ १६ गते भएको बीमा सम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कार्यकारी निर्देशक पौडेलले बीमा दाबी भुक्तानीलाई सरल एवम् छिटोछरितो बनाउन निर्देशन दिनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमा गरेपछि क्षति भएमा बीमा कम्पनीबाट क्षतिपूर्ति पाइने भएकाले घर, कृषिबाली, जडिबूटी, पशुपन्छी र व्यवसायको बीमा गर्न सबैसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले बीमा गरेपछि क्षति भएमा क्षतिपूर्ति पाइने भएकाले सबैले अनिवार्यरूपमा बीमा गर्नुपर्ने बताउनुभयो ।

गोरखा नगरपालिकाका उपप्रमुख मसलीमाया थोकरले बीमा दाबी भुक्तानीमा ढिलाई हुँदा बीमाप्रतिको विश्वसनीयतामा समस्या देखिएको उल्लेख गर्नुहुँदै बीमा गराउनका लागि अनावश्यक होडबाजी नगर्न बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा सम्बन्धी जानकारीको अभावका कारण स्रोत भएर पनि बीमा नगरेको, पशुबीमाको दाबी भुक्तानी पाउन झण्झट व्यहोर्नु परेको, समान बीमालेखको बीमाशुल्कमा एकरूपता नभएको, समयमा नै बीमा दाबी भुक्तानी नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा गोरखा नगरपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य र कर्मचारीहरू, नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारी तथा सहायक निर्देशक केदारनाथ भट्ट, प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय बीमा कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख, अगुवा कृषक, संचारकर्मीहरू लगायत गरी करिव ८० जनाको सहभागिता रहेको थियो ।

## धादिङ र चितवनमा बीमा सम्बन्धी अन्तरक्रिया

# न्यून आय भएका बर्ग पहिचान गरी नमूनाका रूपमा बीमा गरिदिने व्यवस्था गर्न कार्यकारी निर्देशक पौडेलको आग्रह

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले न्यून आय भएका बर्ग पहिचान गरी नमूनाका रूपमा बीमा गरिदिने व्यवस्था गर्न गाउँपालिकालाई आग्रह गर्नुभएको छ।




नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा धादिङमा आयोजित कार्यक्रमा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणद्वारा बागमती प्रदेशको धादिङ जिल्लाको गजुरी गाउँपालिकामा यही २०७९ साल माघ १९ गते आयोजित बीमा सचेतना कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कार्यकारी निर्देशक पौडेलले आर्थिकरूपले सक्षम व्यक्तिलाई बीमा गर्न प्रोत्साहन गर्ने वातावरण बनाउन र घर बीमालाई अनिवार्य गर्न आग्रह गर्नुभयो।

कार्यकारी निर्देशक पौडेलले कृषि तथा पशु प्राविधिकहरूलाई बीमा सम्बन्धी तालिम दिनका लागि सहजीकरण गर्न प्राधिकरण तयार रहेको जानकारी दिनुभयो।

कार्यक्रममा गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठले बीमाप्रतिको जनविश्वास बढाउन बीमा कम्पनीहरूले दाबी भुक्तानी समयमा नै गर्नुपर्ने बताउनुभयो।

यसैगरी, प्राधिकरणको आयोजनामा चितवन जिल्लाको इच्छाकामना गाउँपालिकामा यही २०७९ साल माघ १८ गते बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले स्थानीय वासिन्दाको आग्रह अनुसार गाउँपालिकामा नै बीमा कम्पनीका शाखा कार्यालय खोल्न प्राधिकरणले पहल गर्ने जानकारी दिनुभयो।

कार्यकारी निर्देशक पौडेलले घर र कृषि तथा पशुपन्छी बीमामा जोड दिन र शाखा कार्यालयबाट नै बीमा दाबी भुक्तानी दिने व्यवस्था गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो।

कार्यक्रममा इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरूङले स्थानीय बासिन्दा बीमा गर्नका लागि धेरै टाढा जानुपर्ने बाध्यता रहेकाले गाउँपालिकामा नै बीमा कम्पनीका शाखा कार्यालय खोल्ने व्यवस्था गर्न आग्रह गर्नुभयो।

कार्यक्रमहरूमा गाउँपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य र कर्मचारीहरू, नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारी तथा सहायक निर्देशक केदारनाथ भट्ट, बीमा कम्पनीका प्रतिनिधि, अगुवा कृषक, कृषि तथा पशु प्राविधिक, बीमा अभिकर्ता, संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा चितवनमा आयोजित कार्यक्रमका सहभागीहरु ।

### भीमसेनथापा गाउँपालिका र राष्ट्रिय बीमा कम्पनीबीच बीमा सम्बन्धी सम्झौता

# सबै नागरिकको दुर्घटना बीमा र घरहरुको सम्पत्ति बीमा गर्ने सहमति




बीमा सम्बन्धी सम्झौतापत्र आदानप्रदान हुँदै ।

गण्डकी प्रदेशको गोरखा जिल्लाको भीमसेनथापा गाउँपालिका र राष्ट्रिय बीमा कम्पनी लिमिटेडबीच यही २०७९ साल माघ १८ गते बीमा सम्बन्धी सम्झौता भएको छ।

सम्झौतापत्रमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीको उपस्थितिमा भीमसेनथापा गाउँपालिकाका अध्यक्ष लोक प्रसाद बंजरा र राष्ट्रिय बीमा कम्पनी लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत सुवास कोइरालाले हस्ताक्षर गर्नुभएको थियो।

सम्झौतामा गाउँपालिकाले उपलब्ध गराउने जनसङ्ख्या विवरण र बीमाङ्कका आधारमा राष्ट्रिय बीमा कम्पनीबाट दुर्घटना बीमालेख जारी गर्ने उल्लेख छ।

गाउँपालिकाभित्रका सबै नागरिकका घरहरूको सम्पत्ति बीमा गर्ने, गाउँपालिका र वडा कार्यालयका भवन, विद्यालय भवन तथा स्वास्थ्य संस्थाका भवनहरू लगायत गाउँपालिकास्थित सबै सरकारी सम्पत्तिहरूको बीमा गर्नका लागि कार्य अगाडि बढाउने र गाउँपालिकाको आवश्यकताका आधारमा नेपाल बीमा प्राधिकरणको सहमतिमा नयाँ बीमालेख जारी गर्ने सहमति भएको छ।

यसैगरी, सबै प्रकारका कृषि उपज, पशुपन्छी र कृषि औजारहरूको जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्नका लागि बीमा गर्दै जाने लगायतका विषयहरू सम्झौतापत्रमा उल्लेख छन्।

## खोटाङ्ग, तेह्रथुम, पाँचथर र इलाम जिल्लामा बीमा सम्बन्धी अन्तरक्रिया

# बीमकका शाखा कार्यालयहरुबाट नै दाबी भुक्तानी पाउने व्यवस्था गर्न आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०७९ साल माघ र फागुनमा कोशी प्रदेशको खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगर पालिका, तेह्रथुम जिल्लाका लालिगुराँस नगरपालिका, म्याङलुङ नगर पालिका तथा फेदाप गाउँपालिका, पाँचथर जिल्लाको फिदिम नगर पालिका र इलाम जिल्लाको रोङ गाउँपालिकामा बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकामा यही माघ २६ गते भएको कार्यक्रममा प्रमुख अतिथि हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख विमला राईले नगरपाकिलाले बीमा नीति ल्याई नगरवासीलाई बीमाको दायरामा ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिकामा यही माघ माघ २९ गते भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि लालीगुराँस नगरपालिकाका उपप्रमुख जमुना मगर कार्कीले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी बीमा बारेमा विस्तृत जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो।

तेह्रथुम जिल्लाको म्याङलुङ नगरपालिकामा यही चैत १ गते भएको कार्यक्रममा प्रमुख अतिथि म्याङलुङ नगरपालिकाका प्रमुख संजय कुमार तुम्बाहाङ्फेले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमालाई समेत समावेश गर्ने जानकारी दिनुभयो।

तेह्रथुम जिल्लाको फेदाप गाउँपालिकामा यही चैत २ भएको कार्यक्रममा फेदाप गाउँपालिकाका अध्यक्ष केशव प्रसाद भेटवालले बीमा सम्बन्धी ल्याएर नागरिकलाई बीमाको दायरामा ल्याउन जोड दिने बताउनुभयो।



फिदिम नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीहरु

पाँचथर जिल्लाको फिदिम नगरपालिकामा यही चैत ५ गते भएको बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि फिदिम नगरपालिकाका प्रमुख मित्र प्रसाद काफ्लेले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरेकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो।

इलाम जिल्लाको रोङ गाउँपालिकामा यही चैत ८ गते भएको कार्यक्रममा रोङ गाउँपालिकाका अध्यक्ष मणि कुमार स्याङ्बोले गाउँपालिकाले बीमा सम्बन्धी नीति ल्याई नागरिकलाई बीमा गर्न प्रोत्साहन गर्ने बताउनुभयो।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मीले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

ती कार्यक्रममा सहभागीहरूले पशुबीमामा बजार मुल्य अनुसार बीमाङ्क कायम नभएको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, ससाना जग्गामा लगाइएका कृषिबालीको बीमा गर्न बीमा कम्पनीले नमानेको, बीमा कम्पनीहर गाउँ गाउँमा नआएको, पशुबीमामा प्राविधिकले पाउने कमिशन तथा सुविधा न्यून भएको, बीमा कम्पनीले प्रक्रियागत जटिलता देखाई दाबी भुक्तानीमा ढिलाई गर्ने गरेको लगायतका गुनासाहरू गर्नुभएको थियो।

साथै, सहभागीहरुले बीमा दाबी भुक्तानी प्रक्रिया सरल एवम् सहज हुनुपर्ने र बीमा कम्पनीका शाखा कार्यालयहरूबाट नै दाबी भुक्तानी पाउने व्यवस्था गर्नुपर्ने धारणा राख्नुभएको थियो।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य र कर्मचारीहरू, बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधि, महिला समूहका प्रतिनिधि, कृषकहरू लगायतको सहभागिता रहेको थियो।

नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक शम्भु प्रसाद मिश्रले कार्यक्रम संचालन गर्नुभएको थियो।

# स्थानीय भाषामा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्न आग्रह



महोत्तरीमा आयोजित कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशका महोत्तरी र धनुषा जिल्लामा यही २०७९ साल फागुनमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकामा यही फागुन १६ गते भएको कार्यक्रममा प्रमुख अतिथि रामगोपालपुर नगरपालिकाका प्रमुख राम दुलार साहले बीमाको पहुँच बढाउनका लागि नगरपालिकाले सहजीकरण गर्ने र कृषिबीमामा अनुदान उपलब्ध गराउन बजेटको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

उहाँले स्थानीय भाषामा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्न र बीमा व्यवसायलाई स्वच्छ एवम् पारदर्शी बनाउनका लागि सहजीकरण गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो।

धनुषा जिल्लाको नगराइन नगरपालिकामा यही फागुन २२ गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि नगराइन नगरपालिकाका प्रमुख विनय कुमार यादवले स्थानीय भाषामा बीमा सम्बन्धी कार्यक्रमहरू आयोजना गर्न, बीमा दाबी भुक्तानीलाई सहजीकरण गर्न र नगरपालिकामा बीमा कम्पनीलाई शाखा कार्यालय खोल्न लगाउन नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो।


उहाँले बीमाबाट नागरिकले लाभ प्राप्त गर्ने भएकाले नगरपालिकाबाट अनुदानको व्यवस्था समेत गरेर बीमालाई प्रभावकारी रूपले अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा बीमाको परिचय, महत्व र फाइदा, बीमा गर्ने विधि, बीमा दाबी भुक्तानी प्रक्रिया, बीमाको पहुँच विस्तारमा नगरपालिकाको भूमिका लगायतका बारेमा प्रस्तुती गर्नुभएको थियो।

निर्देशक लालले बीमाबाट बचत पनि हुने र जोखिमको आर्थिक सुरक्षण पनि हुने भएकाले ढुक्क भएर बीमा गर्न सबैलाई आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले बीमा गराउनका लागि बीमा कम्पनी र बीमा अभिकर्ताहरू नआएको, बीमा दाबी पाउन कठिन रहेको, बीमाका बारेमा राम्रो जानकारी नपाएको, कृषि तथा पशुपन्छीको बीमा गर्न नपाएको, बीमा अभिकर्ताहरू बीमा गराउनका लागि पटक पटक आउने तर बीमा गरिसकेपछि भने देखानै नपर्ने गरेको लगायतका गुनासाहरू गर्नुभएको थियो।

कार्यक्रमहरूमा सम्बन्धित नगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र कर्मचारीहरू, नेपाल बीमा प्राधिकरणको मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्मा, शिक्षक, बीमा कम्पनीका जिल्लास्थित शाखा कार्यालयका प्रमुख, महिला समूहका प्रतिनिधि, कृषक, बीमा अभिकर्ता, प्राविधिक लगायतको सहभागिता रहेको थियो।




## आ.व. २०७९/८० मा बीमकहरुको गाभ्ने गाभिने प्रक्रियाको सुरुवात

**२०७९ श्रावण १ गते:** *हिमालयन ज.ई. र एभरेष्ट इ. मर्ज भई हिमालयन एभरेष्ट इ.लि. भएको।*


**२०७९ कात्तिक ७ गते:** *सानिमा ज.इ. र जनरल इ. मर्ज भई सानिमा जिआईसी इ.लि. भएको।*


**२०७९ पौष ७ गते:** *सुर्या ला.इ. र ज्योती लाइफ इ. मर्ज भई सुर्यज्योति लाइफ इ. क. लि.भएको।*


**२०७९ फागुन १७ गते:** *सिद्धार्थ इ. र प्रिमियर इ. मर्ज भई सिद्धार्थ प्रिमियर इ.लि. भएको।*

**२०७९ फागुन २९गते** *सगरमाथा इ. र लुम्बिनी ज.इ. मर्ज भई सगरमाथा लुम्बिनी इ.क.ली. भएको।*

**२०७९ चैत्र ९ गते:** *सानीमा ला.ई. र रिलायन्स ला.ई. मर्ज भई सानीमा रिलायन्स इ.ली. भएको।*









*आ.व. २०७९/८० को दोस्रो त्रैमासिकसम्मको विवरणको आधारमा*

# आ.व. २०७९/८० को फागुन मसान्तसम्मको विवरणको आधारमा


## सक्रिय रहेको बीमालेखको संख्या





## जीवन बीमाको पहुँच (४४.०५%)




## कुल बीमाशुल्क संकलन




## प्रदेशगत बीमाशुल्क संकलन (रु. अर्बमा)




**तथ्यांक विश्लेषकः** बसन्त प्रसाद बोहरा
(तथ्यांकशास्त्री)

## नुवाकोटमा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

# बीमाका बारेमा गाउँघरमा गएर जानकारी दिन विद्यार्थीहरुसँग आग्रह




सुन्दरा मा.वि.मा आयोजित कार्यक्रममा सहभागी विद्यार्थीहरु ।

बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही २०७९ साल माघ ९ गते बागमती प्रदेशको नुवाकोटको दुप्चेश्वर–६, समुन्द्रटारस्थित रूक्मणी माध्यमिक विद्यालयमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

नेपाल बीमा प्राधिकरणद्वारा आयोजित कार्यक्रममा रूक्मणी माध्यमिक विद्यालयका शिक्षक तथा कक्षा ११ र १२ विद्यार्थीहरू लगायत गरी करिव ६५ जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक कुन्दन सापकोटाले गाउँ गाउँमा बीमा सम्बन्धी सचेतना फैलाउन शिक्षक तथा विद्यार्थीको भूमिका महत्वपूर्ण हुने भएकाले विद्यालयस्तरमा समेत बीमा सम्बन्धी कार्यक्रमहरू आयोजना गरिँदै आएको बताउनुभयो।

उपनिर्देशक सापकोटाले बीमाले जीवन तथा सम्पत्तिमा हुने क्षति तथा हानी नोक्सानी विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्ने भएकाले बीमाका बारेमा गाउँघरमा गएर जानकारी दिन विद्यार्थीहरूसँग आग्रह गर्नुभयो।

रूक्मणी माध्यमिक विद्यालयका प्रधानाध्यापक मुकुन्द थापाले विद्यालयमा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गरी बीमासम्बन्धी विषयमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक गीता नेपाल आचार्यले बीमा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो भने सहायक प्रथम शिवप्रसाद खनालले कार्यक्रम संचालन गर्नुभएको थियो।

यसैगरी, यही माघ १३ गते शुक्रबार नै नुवाकोटको सातविसेस्थित सुन्दरा माध्यमिक विद्यालयमा पनि बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

विद्यार्थीहरूलाई बीमा सम्बन्धी विषयमा जानकारी दिने उद्देश्यले आयोजित कार्यक्रममा शिक्षकहरू तथा कक्षा १०, ११ र १२ का विद्यार्थीहरूको सहभागिता रहेको थियो।

नुवाकोटमा बीमकका शाखा कार्यालयका प्रमुखसँग अन्तरक्रिया

## बीमा दाबी भुक्तानी शाखा कार्यालयबाट नै दिने व्यवस्था गर्न आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा जीवन तथा निर्जीवन बीमा कम्पनीका नुवाकोटस्थित शाखा कार्यालयका प्रमुहरूसँग यही २०७९ साल माघ १३ गते बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा बीमा कम्पनीका शाखा कार्यालयका प्रमुखहरूले शाखा कार्यालयहरूलाई सुविधा सम्पन्न बनाउनुपर्ने, केही हदसम्म बीमा दाबी भुक्तानी शाखा कार्यालयबाट नै दिनसक्ने व्यवस्था हुनुपर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम दिनुपर्ने र बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू निरन्तररूपमा आयोजना गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

साथै, उहाँहरूले बीमा व्यवसायमा देखिएका अस्वस्थ प्रतिस्पर्धा नियन्त्रणका लागि प्राधिकरणले निरीक्षण एवम् नियमनमा जोड दिनुपर्ने र बीमा अभिकर्ताका लागि समेत तालिमको व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक कुन्दन सापकोटाले बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा नगर्न, शाखा कार्यालयहरूलाई सुविधा सम्पन्न बनाउन र बीमा दाबी भुक्तानी पनि शाखा कार्यालयहरूबाट नै दिने व्यवस्था गर्न बीमा कम्पनीहरूलाई प्राधिकरणबाट निर्देशन दिइएको जानकारी दिनुभयो।

## नुवाकोट र रसुवामा बीमा सम्बन्धी अन्तरक्रिया

# बीमा कम्पनीहरु व्यवसायमा मात्र केन्द्रित नभई सेवामुखी हुनुपर्नेमा जोड

नेपाल बीमा प्राधिकरणको आयोजनामा बागमती प्रदेशको नुवाकोट जिल्लाका दुप्चेश्वर, तादी र पञ्चकन्या गाउँपालिकामा यही २०७९ साल माघमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

दुप्चेश्वर गाउँपालिकामा यही माघ १० गते भएको कार्यक्रममा प्रमुख अतिथि दुप्चेश्वर गाउँपालिकाका अध्यक्ष शंकरबहादुर थापाले बीमा कम्पनीहरू व्यवसायमा मात्र केन्द्रित नभई सेवामुखी समेत हुनुपर्ने बताउनुभयो।

अध्यक्ष थापाले बीमा कम्पनीहरूलाई गाउँ गाउँमा पुर्‍याउन र ग्रामीणस्तरमा समेत बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरू संचालन गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो।

दुप्चेश्वर गाउँपालिकाका उपाध्यक्ष माकुरी तामाङले बीमाको पहुँच बढाउनका लागि गाउँपालिकाबाट ठोस नीतिगत व्यवस्थाका साथ कार्यक्रम ल्याउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

तादी गाउँपालिका, खरानीटामा यही माघ ११ गते भएको कार्यक्रममा प्रमुख अतिथि तादी गाउँपालिकाका अध्यक्ष सन्तमान तामाङले कृषहरूलाई कृषि बीमा गर्न प्रोत्साहन गर्नका लागि गाउँपालिकाले समेत कृषिबीमामा अनुदानको व्यवस्था गर्ने र गाउँपालिकाका कर्मचारीहरूको दुर्घटना बीमा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

अध्यक्ष तामाङले स्थानीय बासिन्दाले गाउँघरमै बीमा गर्न पाउने र बीमा दाबी पनि सहजै पाउने व्यवस्था गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो।




तादी गाउँपालिकामा आयोजित कार्यक्रममा प्रमुख अतिथिलाई सम्झनाको चिन्ह प्रदान गरिँदै।

यसैगरी, पञ्चकन्या गाउँपालिकामा यही माघ १२ गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि पञ्चकन्या गाउँपालिकाका अध्यक्ष तेज बहादुर तामाङले गाउँपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमालाई पनि समेट्ने र कृषि बीमाशुल्कमा गाउँपालिकाका तर्फबाट समेत अनुदानको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

साथै, उहाँले बीमा दाबीका लागि कागजात जुटाउन समस्या पर्ने गरेको र दाबी भुक्तानीमा पनि ढिलाई हुने गरेको उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानी प्रक्रियालाई सरलीकरण गर्न आग्रह गर्नुभयो।

यसैगरी, रसुवा जिल्लाको कालिका गाउँपालिकामा यही माघ १५ गते भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटाले बीमा अभिकर्ताले सत्य जानकारी नदिने, झुठ्ठा विवरण उपलब्ध गराउने र आफ्नो स्वार्थमा मात्र केन्द्रित भएर काम गर्ने गरेको गुनासो गर्नुभयो।

गाउँपालिकाका पशुस्वास्थ्य प्राविधिक बुद्धिनाथ न्यौपानेले बीमा कम्पनीले कुखुराको बीमा नगरेको, बाख्राको बीमा गर्दा दुर्घटना वापत लिने गरेको रकम बढी भएको र तोकिएको बीमाशुल्कभन्दा बढी रकम लिने गरेको जस्ता गुसानाहरू आउने गरेको जानकारी दिनुभयो।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक कुन्दन सापकोटाले स–साना रकमबाट समेत बीमा गर्न नपाएमा, बीमा दाबी भुक्तानी समयमा नभएमा वा बीमा सम्बन्धी कुनै समस्या परेमा नेपाल बीमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक गीता नेपाल आचार्यले बीमा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो भने सहायक प्रथम शिवप्रसाद खनालले कार्यक्रम संचालन गर्नुभएको थियो।

कार्यक्रमहरूमा सम्बन्धित पालिकाका वडा अध्यक्ष तथा सदस्य र कर्मचारीहरू, शिक्षक, बीमा कम्पनीका प्रतिनिधि, बीमा अभिकर्ता, कृषक, कृषि प्राविधिक लगायतको सहभागिता रहेको थियो।

## तनहुँ र लमजुङमा बीमा सम्बन्धी अन्तरक्रिया

# बीमा गर्नुभन्दा अगाडि बीमालेखका बारेमा स्पष्ट जानकारी दिन बीमकको ध्यानाकर्षण



व्यास नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीहरु।

नेपाल बीमा प्राधिकरणको आयोजनामा गण्डकी प्रदेशका तनहुँ र लमजुङ जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकामा यही २०७९ साल फागुनमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

तनहुँको आँबूखैरेनी गाउँपालिकामा यही फागुन ७ गते भएको कार्यक्रममा प्रमुख अतिथि आँबूखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले नागरिकका जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षा गर्नु गाउँपालिकाको पनि दायित्व भएकाले नीति तथा कार्यक्रममा नै समावेश गरी बीमा कार्यक्रमलाई अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

अध्यक्ष चुमानले गाउँपालिकामा रहेको विपद् कोषलाई बीमासँग आवद्ध गर्न र विपन्न बर्गको बीमाका लागि आवश्यक व्यवस्था गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

यसैगरी, लमजुङको सुन्दरबजार नगरपालिकामा यही फागुन ९ गते आयोजित बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि सुन्दरबजार नगरपालिकाका प्रमुख कृष्ण प्रसाद कोइरालाले विद्यालयका पाठ्यक्रम तयार गर्दा बीमा विषयलाई समावेश गर्न नगरपालिकाले पहल गर्ने जानकारी दिनुभयो।

प्रमुख कोइरालाले बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि बीमा कम्पनीहरू पनि अग्रसर हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

सुन्दरबजार नगरपालिकाका उपप्रमुख भवानी के.सी. ले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमालाई समेत समावेश गरिने बनाउनुभयो।

तनहुँ जिल्लाको व्यास नगरपालिकामा यही फागुन १० भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले बीमाका बारेमा राम्रो जानकारी नहुँदा बीमितहरू अन्यौलमा पर्ने गरेको उल्लेख गर्नुहुँदै बीमा कम्पनीहरूले बीमा गर्नुभन्दा अगाडि बीमालेखका बारेमा स्पष्ट जानकारी दिनुपर्ने बताउनुभयो।

प्रमुख न्यौपानेले बीमा कम्पनीहरूलाई सेवामुखी हुन र बीमाप्रतिको विश्वसनीयता बढ्ने गरी काम गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले प्रलोभनमा परेर बीमा गर्दा बीमाशुल्क बुझाउन नसक्ने अवस्था आएको, बीमा गर्नुभन्दा अगाडि बीमालेखका बारेमा राम्रोसँग जानकारी नदिने गरेको, एउटै बीमालेखको बीमाशुल्क कम्पनी अनुसार फरक फरक हुने गरेको, जीवन बीमा गर्दा स्वास्थ्य अवस्थाबारे नसोध्ने तर बीमा गरिसकेपछि भने दीर्घरोगी रहेको भन्ने गरेको लगायतका गुनासाहरू गर्नुभएको थियो।

लमजुङ जिल्लाको मध्य नेपाल नगरपालिकामा यही फागुन १० गते आयोजित कार्यक्रमका अतिथि मध्य नेपाल नगरपालिकाका वडा अध्यक्ष एवम् नगर प्रवक्ता रामचन्द्र भण्डारीले बीमा कम्पनीहरूले घर घरमा गएर बीमा गरे जस्तै बीमा दाबी भुक्तानी पनि घर घरमा नै गएर गर्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो।

उहाँले बीमाले विपद्का समयमा सरकारलाई आइपर्ने आर्थिक भार कम गर्न मद्दत गर्ने भएकाले एकद्वार प्रणालीमार्फत बीमा कार्यक्रमलाई अगाडि बढाउन महानगरपालिका अग्रसर हुने जानकारी दिनुभयो।

लमजुङ जिल्लाकै दोर्दी गाउँपालिकामा यही फागुन ११ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले बीमाको पहुँच बृद्धिका लागि गाउँपालिकाले नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने जानकारी दिनुभयो।

अध्यक्ष अधिकारीले बीमा कम्पनीहरूलाई कमिशनको चक्करमा लागेर बीमा नगराउन र बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा नगर्न आग्रह गर्नुहुँदै नागरिकले आफ्नो आम्दानीको स्तर हेरेर सोही अनुसार बीमा गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागीहरूले बीमितले सबै कागजात बुझाएपछि बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी दिन ढिलाइ गर्न नहुने र हरेक वडामा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू गर्नुपर्ने धारणा राख्नुभएको थियो।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले बीमा सम्बन्धी जानकारीमूलक प्रस्तुती गर्नुहुँदै बीमा सम्बन्धी नीति तथा कार्यक्रम ल्याएर नागरिकका जीवन तथा सम्पत्तिको बीमा गरी आर्थिक सुरक्षण गर्ने व्यवस्था गर्न पालिकाहरूसँग आग्रह गर्नुभयो।

नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक लोक प्रसाद काफ्लेले संचालन गर्नुभएका कार्यक्रमहरूमा सम्बन्धित पालिकाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्य र कर्मचारीहरू, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख, बीमा सर्भेयर, बीमा अभिकर्ता, अगुवा कृषक र संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।

**स्याङ्जा र पाल्पा जिल्लामा बीमा सचेतना कार्यक्रम**

# बीमा दाबी भुक्तानी प्रक्रिया सरल एवम् पारदर्शी हुनुपर्नेमा जोड

नेपाल बीमा प्राधिकरणको आयोजनामा गण्डकी प्रदेशको स्याङ्जा जिल्लाका कालीगण्डकी गाउँपालिका तथा गल्याङ नगरपालिका र लुम्बिनी प्रदेशको पाल्पा जिल्लाका रामपुर नगरपालिका तथा रम्भा गाउँपालिकामा यही २०७९ साल पुसमा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा यही पुस २३ गते भएको कार्यक्रममा प्रमुख अतिथि कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिम बहादुर थापाले कर्मचारीहरूको सामूहिक दुर्घटना बीमा गर्ने र घरबीमाका लागि नीतिगत व्यवस्थाका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

उहाँले बीमा जनचेतनामूलक अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिन र बीमा दाबी भुक्तानीलाई सहज एवम् सरल बनाउन प्राधिकरणसँग आग्रह गर्नुभयो।

स्याङ्जाकै गल्याङ नगरपालिकामा यही पुस २५ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि गल्याङ नगरपालिकाका प्रमुख गुरू प्रसाद भट्टराईले नगरपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमा कार्यक्रमलाई पनि समावेश गर्ने जानकारी दिनुभयो।

उहाँले बीमा दाबी भुक्तानीलाई सरल एवम् सहज बनाउन सके मात्र बीमाप्रतिको विश्वसनीयता बढ्ने बताउनुभयो।

यसैगरी, पाल्पा जिल्लाको रामपुर नगर पालिकामा यही पुस २६ गते भएको कार्यक्रममा रामपुर नगरपालिकाका प्रमुख कपिल बहादुर खाँडले कर्मचारीहरूको सामूहिक दुर्घटना बीमा गर्ने र कृषि बीमालाई सहजीकरण गरी नीतिगत रूपमा नै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

पाल्पा जिल्लाकै रम्भा गाउँपालिकामा यही पुस २७ गते भएको कार्यक्रममा प्रमुख अतिथि रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारीले गाउँपालिकाले कृषि तथा पशुपन्छी बीमा, कर्मचारी तथा विद्यार्थीहरूको दुर्घटना बीमा र विपन्न परिवारको स्वास्थ्य बीमा गरेको जानकारी दिनुभयो।

उहाँले गाउँपालिकामा घर निर्माणका लागि नक्सापास गर्दा नै बीमा गर्नुपर्ने नीति ल्याउने प्रतिवद्धता व्यक्त गर्नुहुँदै बीमा गर्न सहज भए जस्तै बीमितले दाबी भुक्तानी पनि सहजै रूपमा पाउनुपर्ने बताउनुभयो।

ती अन्तरक्रिया कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी भुक्तानी प्रक्रिया सरल एवम् पारदर्शी हुनुपर्ने, बीमा कम्पनीका शाखाहरू विस्तार गर्नुपर्ने, बीमाका बारेमा गाउँ गाउँमा गएर बुझाउनुपर्ने, बीमा अभिकर्ताले जालझेलपूर्ण तरिकाले अपूरो र गलत जानकारी दिई बीमा गराउने प्रवृत्ति नियन्त्रण गरिनुपर्ने, बीमा अभिकर्ताका लागि तालिमको व्यवस्था गर्नुपर्ने, कृषि तथा पशुपन्छी बीमा अभिकर्ता र कृषि प्राविधिकको पर्याप्त सङ्ख्यामा व्यवस्था गर्नुपर्ने लगायतका सुझावहरू दिनुभएको थियो।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक केशव प्रसाद दाहालले बीमा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

प्राधिकरणका सहायक निर्देशक सुन्दर प्रसाद शर्माले संचालन गर्नुभएका कार्यक्रममा प्राधिकरणका कम्प्युटर प्राविधिक कृष्ण राज अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, शिक्षक, विद्यार्थी, कृषक, महिला समूहका प्रतिनिधि, उद्योग वाणिज्य संघका पदाधिकारी, बीमा, बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयका प्रमुख, कृषि तथा पशु प्राविधिक लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो।

# सिरहा, धनुषा, सप्तरी र रौतहटमा बीमा सम्बन्धी अन्तरक्रिया

## एक कप चिया नखाएर भए पनि बीमा गर्न सबैलाई आग्रह

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मधेश प्रदेशका सिरहा जिल्लाका अर्नमा र नवराजपुर गाउँपालिकाका, धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिका र सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिकामा यही २०७९ साल माघ र फागुनमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।




गढीमाई नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीहरु ।

सिरहा जिल्लाको अर्नमा गाउँपालिकामा यही माघ १७ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्नमा गाउँपालिकाका अध्यक्ष अशोक कुमार यादवले बीमाप्रतिको अन्यौल हटाई टोल टोलमा खुलारूपमा बीमाका बारेमा जानकारी दिन सकेमा नागरिकहरू बीमा गर्न खोजी खोजी आउने बताउनुभयो।

अध्यक्ष यादवले बीमा व्यवसायमा पारदर्शिताको कमी र न्यून मूल्याङ्कनका कारण माछा, पशुपन्छी, घर लगायतको बीमामा गुनासो आउने गरेको जानकारी दिनुभयो।

कार्यक्रममा सहभागी कृषकहरूले बोयर जातको बाखा र गाईको बजार मूल्य अनुसार बीमा गर्न नपाएको, कृषि तथा पशुपन्छीको बीमा दाबी प्रक्रियाका बारेमा बीमा कम्पनीले जानकारी नदिएको, बीमा कम्पनीहरूले माछाको बीमा गर्न नमानेको, बीमा दावी गरेको एक वर्षसम्म पनि दाबी भुक्तानी नपाएको लगायतका गुनासाहरू गर्नुभएको थियो।

बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधिहरूले भने व्यक्तिले वास्तविक मूल्यभन्दा बढीको बीमा गर्न खोज्ने गरेकाले बीमा गर्न समस्या भएको उल्लेख गर्दै कृषि प्राविधिकको सिफारिशका आधारमा बीमा गर्न तयार रहेको स्पष्ट गर्नुभयो।

सिरहा जिल्लाको नवराजपुर गाउँपालिकामा यही माघ १८ गते आयोजित कार्यक्रममा नवराजपुर गाउँपालिकाका अध्यक्ष शिव उद्गार यादवले सबै वडाअध्यक्षहरूलाई आ–आफ्ना वडाका गाउँ गाउँ, टोल टोलमा गएर बीमाका बारेमा प्रचार प्रसार गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले कृषि बीमाका लागि बीमा अभिकर्ता वडा वडामा जानुपर्ने, बीमाका बारेमा जानकारी अभावका कारण बीमा गरेपछि भुक्तानी पाइँदैन भन्ने सोचाई रहेको, दाबी भुक्तानी प्रक्रिया झण्झटिलो रहेको लगायतका धारणा राख्नुभएको थियो।

धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिकामा यही माघ १९ गते भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले बीमाबाट जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण हुने भएकाले एक कप चिया नखाएर भए पनि बीमा गर्न सबैलाई आग्रह गर्नुभयो।

अध्यक्ष मिश्रले समय अनुसार सबै कुरा परिवर्तनशील भएको र जोखिम कतिखेर आउँछ कसैलाई थाहा नहुने भएकाले रकम बचत गरेर सबैले घर, कृषिबाली र पशुको बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूबाट पशुबीमाको दाबी भुक्तानी ढिलो हुने गरेको, बीमाशुल्क बुझाए अनुसारको दाबी भुक्तानी नपाएको, चैतेधान, आँप, माछा लगायतको बीमाबारे स्पष्ट नभएको लगायतका गुनासा गर्नुभएको थियो।

सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिकामा यही फागुन १४ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कञ्चनरूप नगरपालिकाका प्रमुख ललन प्रसाद गुप्ताले बीमा गरेपछि क्षति भएमा बीमा कम्पनीबाट क्षतिपूर्ति पाउने भएकाले जीवन तथा घर, सम्पत्ति, सवारीसाधन, कृषिबाली र पशुपन्छीहरूको बीमा गरेर ढुक्क हुन सबैलाई आग्रह गर्नुभयो।

प्रमुख गुप्ताले गाउँ गाउँसम्म बीमा सम्बन्धी जानकारी गराउने दायित्व जनप्रतिनिधिहरूको समेत भएकाले बीमा सचेतना अभिवृद्धिका लागि भूमिका निर्वाह गर्न वडा अध्यक्ष तथा सदस्यहरूलाई आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले जग्गाधनीले नभई जग्गा भाडामा लिएर खेती गर्ने कृषकहरूले नै कृषिबीमाको दाबी भुक्तानी पाउने व्यवस्था गर्न आग्रह गर्दै बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी दिन आनाकानी गर्ने गरेको, साना दाबी भुक्तानी पाउन पटक पटक धाउँदा दाबी रकम जति नै खर्च हुने गरेको, कृषि तथा पशुबीमा गर्न बीमा कम्पनीहरू गाउँमा नआएको लगायतका गुनासाहरू गर्नुभएको थियो।

सप्तरीको खडक नगरपालिकामा यही फागुन १५ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि खडक नगरपालिकाका उपप्रमुख रिता कुमारी चौधरीले घटना

कतिवेला हुन्छ थाहा नहुने भएकाले सबैले जीवन तथा घर लगायत सम्पत्तिको बीमा गरी आर्थिक सुरक्षण गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमा गर्नका लागि बीमा कम्पनीहरू गाउँमा आउनुपर्ने, विनाझन्झट दाबी भुक्तानी पाउनुपर्ने, बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरू गाउँ गाउँमा आयोजना गर्नुपर्ने, बीमा कम्पनीका शाखा कार्यालयबाट नै बीमा दाबी भुक्तानी पाउने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो।

रौटहत जिल्लाको गढीमाई नगरपालिकामा यही फागुन १६ गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि गढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले नगरपालिकाले बीमा सम्बन्धी नीति बनाई लागू गर्ने र बीमालाई प्रभावकारी रूपमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

साथै, उहाँले नगरपालिकाले बीमाका लागि बजेटको समेत व्यवस्था गरेको जानकारी दिनुहुँदै बढीभन्दा बढी कृषकका कृषिबाली तथा पशुपन्छीको बीमा गराउनका लागि नगरपालिकाले पहल गर्ने जानकारी दिनुभयो।

कार्यक्रममा सहभागीहरूले बीमाका बारेमा स्थानीय बासिन्दालाई बुझाउन बीमा कम्पनीहरूले पनि गाउँ गाउँमा बीमा सम्बन्धी कार्यक्रम गर्नुपर्ने, बीमा गर्न कम कागजात भए पुग्ने व्यवस्था गर्नुपर्ने, न्यून कागजातका आधारमा नै दाबी भुक्तानी पाउनुपर्ने, कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानीमा ढिलाई हुन नहुने, बीमा कम्पनीका शाखा कार्यालयहरूमा प्राविधिक कर्मचारीको पनि व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो।

रौतहट जिल्लाको गुजरा नगरपालिकामा यही फागुन १७ गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि गुजरा नगरपालिकाका उपप्रमुख रत्न लामाले नागरिकका जीवन र सम्पत्ति, कृषिबाली तथा पशुपन्छीको बीमा गराई आर्थिक सुरक्षण गर्नका लागि ठोस निर्णयका साथ नगरपालिका अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

उपप्रमुख लामाले घटना कतिबेला भई के कस्तो हानी नोक्सानी हुन्छ भन्ने कुरा कसैलाई पनि थाहा नहुने भएकाले घटनाबाट हुने क्षतिको क्षतिपूर्ति बीमा कम्पनीहरूबाट पाउनका लागि सबैले बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमा गर्नका लागि कागजी प्रक्रिया झन्झटिलो रहेको, बीमा कम्पनीहरू बीमा गर्न गाउँ गाउँमा नआएको, कुन कुन वस्तुको बीमा हुन्छ भन्ने थाहा नभएकाले बीमा गर्न नपाएको लगायतका धारणा राख्नुभएको थियो।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले पालिकाका कर्मचारी र भवनको बीमा गर्न, पालिकाका सेवासँग आवद्ध गरेर घर, सम्पत्ति र व्यवसायको बीमालाई अनिवार्य गर्न आग्रह गर्नुभयो।

साथै, उहाँले एउटा गाई, एउटा भैंसीको मात्र पनि बीमा गर्न सकिने भएकाले गाई, भैंसी, बाख्राको बीमा गर्न र बीमा गरेपछि दाबी भुक्तानी पाइनेमा ढुक्क हुन समेत सबैलाई आग्रह गर्नुभयो।

कार्यक्रमहरूमा सम्बन्धित पालिकाका उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्य र कर्मचारीहरू, नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक अनिश तिमिल्सिना, बीमा कम्पनीका शाखा कार्यालय प्रमुख, कृषि प्राविधिक, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषक, संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।

## धनुषा र सिरहामा कृषिबीमा अभिकर्ता तालिम सम्पन्न

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको सहजीकरण र कृषि विभाग, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, क्लस्टर इकाई, धनुषाको आयोजनामा जनकपुरमा यही २०७९ साल माघ २० देखि २३ गतेसम्म र क्लस्टर इकाई, सप्तरीको आयोजनामा सिरहाको लहानमा फागुन २ गतेदेखि ५ गतेसम्म कृषिबीमा अभिकर्ता तालिम सम्पन्न भएको छ।

तालिमहरूमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले जोखिमका प्रकार, जोखिम व्यवस्थापन गर्ने विधि, बीमाका सिद्धान्त र प्रकार, कृषि, पशुपन्छी तथा जडिबूटी बीमाको महत्व, प्राधिकरणबाट जारी कृषि, पशुपन्छी तथा जडिबूटी निर्देशिकाका बारेमा जानकारी दिनुभएको थियो।

कृषि विभागका वरिष्ठ कृषि प्रसार अधिकृत शिवसुन्दर घिमिरे र कृषि अर्थविज्ञ लोकराज सुवेदीले चैतेधान, गहुँबाली, गाईवस्तु, ब्रोइरल कुखुरा, माछा, मौरी, तरकारी, अमिलो जातका फलफूल, च्याऊखेती लगायतका बीमालेखका बारेमा सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिनुभएको थियो।

तालिम समापन कार्यक्रमहरूमा सहभागीहरूलाई नेपाल बीमा प्राधिकरणका तर्फबाट कृषि, पशुपन्छी तथा जडिबूटी बीमा अधिकर्ताको व्यवस्था, बीमा अभिकर्ता दर्ता तथा नवीकरण प्रक्रिया र बीमा अभिकर्ताका लागि आचारसंहिताका बारेमा समेत जानकारी दिनुका साथै प्रमाणपत्र प्रदान गरिएको थियो।

जनकपुर र लहानमा आयोजित तालिममा ३१–३१ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो।

### कर्णाली प्रदेशका वित्तीय संस्थासँग बीमा सम्बन्धी अन्तरक्रिया

# बीमाको पहुँच बृद्धिका लागि सहजीकरण गर्न प्रदेश सरकार तयार



कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजना यही २०७९ साल फागुन १२ गते कर्णाली प्रदेशको सुर्खेत जिल्लाको बीरेन्द्रनगरमा वित्तीय क्षेत्रका प्रदेश कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री विनोद कुमार शाहले बीमाको पहुँच बृद्धिका लागि शहरी क्षेत्रमा मात्र नभई गाउँ गाउँमा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू गर्नुपर्ने र बीमा क्षेत्रमा सुशासन अभिवृद्धिका लागि प्राधिकरणले नियमनमा जोड दिनुपर्ने बताउनुभयो।

उहाँले प्रदेश सरकारले कृषि बीमामा १० प्रतिशत अनुदानको व्यवस्था गरेको जानकारी दिनुहुँदै बीमाको पहुँच बृद्धिका लागि सहजीकरण गर्न प्रदेश सरकार तयार रहेको जानकारी दिनुभयो। कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्यामकृष्ण थापाले कर्णाली प्रदेशका सबै नागरिकको दुर्घटना बीमा गरिएको जानकारी दिनुभयो।

उहाँले कतिपय बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी प्रक्रिया अगाडि बढाउँदा मोलमोलाई गर्ने र बार्गेनिङ्ग गर्ने गरेको जस्ता गुनासा आउने गरेको उल्लेख गर्नुहुँदै त्यस्ता गतिविधि तत्काल नियन्त्रण गर्न प्राधिकरणको ध्यानाकर्षण गराउनुभयो।

नेपाल बैंकर्स एसोसिएसन, कर्णाली प्रदेशका अध्यक्ष राजन पोखरेलले बीमा कम्पनीले सम्पत्तिको स्थलगत मूल्याङ्कन नगरी बीमा गर्नाले दाबी भुक्तानीमा समस्या आउने गरेको विचार व्यक्त गर्नुभयो।

नेपाल राष्ट्र बैंक, कर्णाली प्रदेश कार्यालयका प्रमुख विनय सिग्देलले बीमा कम्पनीका कर्मचारीहरूमा जोखिमाङ्कनदेखि दाबी भुक्तानी सम्मको दक्षता अभिवृद्धिका लागि तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेपाली बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले प्रदेशमा बीमा क्षेत्रमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपाय पहिल्याउने र सम्बद्ध निकायहरूको समन्वयमा बीमाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा कर्णाली प्रदेशस्थित विभिन्न बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाका प्रदेश कार्यालयका प्रमुख तथा प्रतिनिधि, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख र बीमा सम्बन्धी सरोकारवालाहरू लगायत गरी करिब ५४ जनाको सहभागिता रहेको थियो।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक प्रथम विश्वराज भट्टराईले गर्नुभएको थियो।

## कर्णाली प्रदेशका यातायात व्यवसायीसँग बीमा सम्बन्धी अन्तरक्रिया

# प्रिमियम बढाएर भए पनि मोटर बीमा रकम बृद्धि गर्न यातायात व्यवसायीको सुझाव



कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा कर्णाली प्रदेशको सुर्खेत जिल्लाको बीरेन्द्रनगरमा यही २०७९ साल फागुन २८ गते कर्णाली प्रदेशस्थित यातायात व्यवसायीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

यातायात व्यवसायीहरूलाई बीमा सम्बन्धी विद्यमान व्यवस्थाका बारेमा जानकारी दिने, मोटर बीमामा देखिएका समस्याहरूबारे छलफल गरी राय सुझाव लिने र मोटर बीमादर सम्बन्धी निर्देशिका, २०७३ को संशोधनका लागि सुझावहरू सङ्कलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्री मंगल बहादुर शाहीले बीमा सेवा लिने र दिने दुबैले विद्यमान कानूनी व्यवस्थाका बारेमा बुझ्नुपर्ने र दुबैबीचको सम्बन्ध सुमधुर हुनुपर्ने बताउनुभयो।

कर्णाली प्रदेशका भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत राज्यमन्त्री उर्मिला विश्वकर्माले यातायात व्यवसायीहरूलाई बीमाका बारेमा जानकारी दिन अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले कर्णाली प्रदेशमा बीमाको विद्यमान अवस्था, मोटर बीमा सम्बन्धी कानूनी व्यवस्था, मोटर बीमादर सम्बन्धी निर्देशिका, मोटर बीमामा देखिएका समस्या र समाधानका उपाय लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो।

कार्यक्रममा सहभागीहरूले प्रिमियम बढाएर भए पनि मोटर बीमा रकम वृद्धि गर्नुपर्ने, मोटर बीमादरलाई समयसापेक्ष हुने गरी परिमार्जन गर्नुपर्ने लगायतका सुझाव दिनुभएको थियो । साथै, उहाँहरूले साना र ठूला गाडी दुर्घटना हुँदा क्षतिपूर्ति कतिसम्म र कसरी हुन्छ भन्ने स्पष्ट हुनुपर्ने, गाडी दुर्घटनापछि प्रहरी कार्यालयमा कागजपत्र राखिने हुँदा नवीकरण गर्न समस्या हुने, बीमा गर्दा धेरै कागजात नचाहिने तर बीमा दाबी गर्दा भने धेरै कागजात मागेर हैरान गर्ने गरेको लगायतका गुनासाहरू राख्नुभएको थियो।

कार्यक्रममा कर्णाली प्रदेशका भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालयका निमित्त सचिव भीम बहादुर कार्की, यातायात व्यवस्था कार्यालयका पदाधिकारी, यातायात व्यवसायी संघ संस्थाका प्रतिनिधि, प्रदेशस्थित विभिन्न निकायका पदाधिकारी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, बीमा सर्भेयर लगायत सरोकारवालाहरू गरी करिव ५४ जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक विनोद भुसालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम संचालन सहायक निर्देशक चिनिया लामाले गर्नुभएको थियो।

## स्याङ्जामा विद्यालयस्तरीय बीमा सचेतनामूलक कार्यक्रम

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०७९ साल पुस २४ गते स्याङ्जा जिल्लाको कालिगण्डकी गाउँपालिका, जैपतेस्थित वीरेन्द्र माध्यमिक विद्यालयमा बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि वीरेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक ठगवीर रानाले विद्यालयमा बीमा सम्बन्धी चेतनामूलक कार्यक्रम आयोजना गरेकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक केशव प्रसाद दाहालले बीमाको परिचय, महत्व, बीमा गर्ने विधि, बीमा दाबी भुक्तानी र समाजमा बीमा सम्बन्धी सचेतना अभिवृद्धिका लागि विद्यार्थीहरूको भूमिका लगायतका विषयमा चर्चा गर्नुभएको थियो।

नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक सुन्दर प्रसाद शर्माले संचालन गर्नुभएको कार्यक्रममा प्राधिकरणका कम्प्युटर प्राविधिक कृष्ण राज अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा विद्यालयका शिक्षक, शिक्षिका र विद्यार्थीहरूको सहभागिता रहेको थियो।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा बीमा सम्बन्धी अन्तरक्रिया

# बालीबीमा गर्न बीमा कम्पनीहरुले इच्छा नदेखाउने गरेको गुनासो

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका देवचुली नगरपालिका, मध्यविन्दु नगरपालिका, हुप्सेकोट गाउँपालिका, गैंडाकोट नगरपालिका र त्रिवेणी गाउँपालिकामा यही २०७९ साल फागुनमा बीमा सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

देवचुली नगरपालिकामा यही फागुन १४ गते भएको कार्यक्रममा प्रमुख अतिथि देवचुली नगरपालिकाका प्रमुख हरि प्रसाद न्यौपानेले नगरपालिकाले नीति तथा कार्यक्रममा बीमालाई समावेश गरी बीमाको पहुँच विस्तारमा जोड दिने प्रतिपद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले दाबीका लागि क्षति मूल्याङ्कन गर्न बीमा कम्पनीले समयमै बीमा सर्भेयर नियुक्त नगरेको, बीमा दाबीको कागजी प्रक्रिया निकै लामो रहेको, समयमा दाबी भुक्तानी नहुने गरेको, कृषिबाली तथा पशुपन्छी बीमालेख नक्कली समेत हुने गरेको, महङ्गो मूल्य पर्ने बोयर जातको बाख्राको बीमाङ्क निकै कम भएकाले बीमितलाई मर्का परेको लगायतका धारणा राख्नुभएको थियो।

मध्यविन्दु नगरपालिकामा यही फागुन १५ गते भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि मध्यविन्दु नगरपालिकाका प्रमुख भीमलाल अधिकारीले नगरपालिकाले विपद्का बेला उद्धारका लागि व्यवस्था गर्ने बजेटको केही अङ्श घरबीमाका लागि छुट्याउन शीघ्र पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीले बीमाशुल्क न्यून भएका कारण बालीबीमा गर्न नमानेको र बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा देखिएको उल्लेख गर्दै बीमा कम्पनी बीमा गर्न घरदैलोमा आए जस्तै दाबी भुक्तानी पनि घरदैलोमै पुगेर दिने व्यवस्था हुनुपर्ने, दाबी भुक्तानी प्रक्रियालाई सरल पारिनुपर्ने लगायतका गुनासा गर्नुभएको थियो।

हुप्सेकोट गाउँपालिकामा यही फागुन १६ गते भएको कार्यक्रममा प्रमुख अतिथि हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मी देवी पाण्डेले बीमा सम्बन्धी कार्यको समन्वय गर्नका लागि नगरपालिकाका कर्मचारीलाई फोकल पर्सन तोक्ने र घरबीमालाई अनिवार्य गर्न बैठकमा प्रस्ताव लैजाने जानकारी दिनुभयो।

कार्यक्रममा सहभागीहरूले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरू पालिकास्तरमा मात्र नभई वडास्तरमा समेत गर्नुपर्ने, बीमा दाबी भुक्तानी समयमा नै हुनुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो।

गैंडाकोट नगरपालिकामा यही फागुन १७ गते भएको कार्यक्रममा प्रमुख अतिथि गैंडाकोट नगरपालिकाका प्रमुख मदन भक्त अधिकारीले बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले मोटर बीमाको दाबी रकम निकै कम रहेको, बालीबीमा गर्न बीमा कम्पनीले इच्छा नदेखाउने गरेको, वैदेशिक रोजगारीमा जानेहरूका लागि न्यून बीमाशुल्कमा बीमा गर्न पाउने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो।

विनयी–त्रिवेणी गाउँपालिकामा यही फागुन १८ गते भएको कार्यक्रममा प्रमुख अतिथि विनयी–त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले कृषिबीमामा अनुदान दिन र घर बीमा गर्न गाउँपालिका उत्साहित रहेको उल्लेख गर्नुहुँदै त्यसका लागि गाउँपालिकामा बीमा कम्पनीले शाखा वा उपशाखा खोल्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागीहरूले बीमा अभिकर्ताको कमिशन घटाएर बीमाशुल्क कम गर्नुपर्ने, कोरोना बीमाको दाबी भुक्तानी पाउनुपर्ने, फिल्डमा गएर निरीक्षण गरेपछि मात्र पशुबीमा गर्नुपर्ने, कृषिबीमा गर्नबाट बीमा कम्पनीलाई पन्छिन नदिन कडाई गर्नुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले नेपाल बीमा प्राधिकरणका काम, कर्तव्य र अधिकार, बीमाको परिचय, महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था र बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका सहायक निर्देशक सुन्दर प्रसाद शर्माले कार्यक्रम संचालन र सहायक निर्देशक सुदिप गिरीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, बीमा कम्पनीका जिल्लास्थित शाखा कार्यालयका प्रमुख, कृषि प्राविधिक, बीमा अभिकर्ता, वित्तीय संस्थाका प्रतिनिधि, कृषक लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो।

सङ्क्षिप्त
# समाचार

## बीमाको दायरा

चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा बीमाको दायरामा आउने जनसङ्ख्या (म्यादि, लघुम्यादी र वैदेशिक रोजगार बीमालेख) बृद्धि भई ४४.७० प्रतिशत पुगेको छ।

यसैगरी, चालू आर्थिक वर्षको यस अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा जीवन बीमाशुल्क सङ्कलन २.५७ प्रतिशत र निर्जीवन बीमाशुल्क सङ्कलन ५.७४ प्रतिशतले बढी कूल बीमाशुल्क संकलन ३.२४ प्रतिशतले बृद्धि भएको छ।

## अनलाइन प्रणाली मार्फत बीमा अभिकर्ता व्यवस्थापन

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ मा भएको समान किसिमको 'एक बीमक एक बीमा अभिकर्ताको व्यवस्था कार्यान्वयनका लागि अनलाइन प्रणाली मार्फत एक बीमक एक बीमा अभिकर्ता व्यवस्थापन गर्ने कार्य शुरू गरेको छ।

साथै, विभिन्न अनलाइन भुक्तानी सेवा प्रदायहरूबाट नबीकरण दस्तूर भुक्तानी गरी बीमा मध्यस्थकर्ता (बीमा अभिकर्ता र सर्भेयर) को इजाजतपत्र नबीकरणको व्यवस्थालाई निरन्तरता दिइएको छ।

प्राधिकरणमा बीमकहरू मार्फत अनलाइन प्रणालीका माध्यमबाट हालसम्म १,६३,९२५ को संख्यामा बीमा अभिकर्ताले स्थायी लेखा नम्बर समेत आवश्यक कागजात समावेश गरी आ–आफ्नो विवरण अद्यावधिक गराएका छन्।

बीमा अभिकर्ताको इजाजतपत्र अद्यावधिक गर्नका लागि योग्य देखिएका बीमा अभिकर्ताको सङ्ख्या २,२१,८५० रहेकोमध्ये १,६३,९२५ को अद्यावधिक भएको र बाँकी ५७,९२५ को भने अद्यावधिक गर्ने कार्य प्रक्रियामा रहेको छ।

अनलाइन प्रणालीमा बीमा अभिकर्ताले प्रविष्ट गरेको स्थायी लेखा नम्बरका आधारमा अध्ययन गर्दा समान प्रकृतिका दुई वा दुईभन्दा बढी बीमा कम्पनीमा कार्य गर्ने बीमा अभिकर्ताहरूको संख्या ५,०४५ रहेको पाइएको छ । एकभन्दा बढी बीमकमा कार्यरत बीमा अभिकर्ताहरूलाई एउटा बीमक छान्न मिल्ने व्यवस्था One-time Password (OTP) मार्फत गरिएको छ।

साथै, अनलाइन प्रणाली मार्फत बीमा अभिकर्ता र सर्भेयरको इजाजतपत्र नवीकरण भएको जानकारी इमेल मार्फत सम्बन्धित व्यक्तिलाई जानकारी दिने व्यवस्था समेत मिलाइएको छ।

## बीमक मर्जर

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूको चुक्ता पूँजी बृद्धिको निर्णय गरे बमोजिम चुक्ता पूँजी पुऱ्याउनका लागि यही २०७९ फागुन मसान्तसम्मा ८ वटा निर्जीवन बीमा कम्पनी मर्जर भई ४ वटा र २ वटा जीवन बीमा कम्पनी मर्जर भई एउटा भएका छन्।

निर्जीवन बीमातर्फ हिमालय जनरल इन्स्योरेन्स कम्पनी र एभरेष्ट इन्स्योरेन्स कम्पनी मर्जर भई हिमालय एभरेष्ट इन्स्योरेन्स कम्पनी, प्रिमियर इन्स्योरेन्स कम्पनी र सिद्धार्थ इन्स्योरेन्स कम्पनी मर्जर भई प्रिमियर सिद्धार्थ इन्स्योरेन्स कम्पनी, सगरमाथा इन्स्योरेन्स कम्पनी र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी मर्जर भई सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी तथा सानिमा जनरल इन्स्योरेन्स कम्पनी र जनरल इन्स्योरेन्स कम्पनी (नेपाल) मर्जर भई सानिमा जीआईसी इन्स्योरेन्स कम्पनी बनेका छन्।

जीवन बीमातर्फ सूर्या लाइफ इन्स्योरेन्स कम्पनी र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी मर्जर भई सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी बनेको छ।

नेपाल बीमा प्राधिकरणबाट मर्जरका लागि सहमति प्राप्त गरेका अन्य निर्जीवन बीमा कम्पनीहरूमा युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) र अजोड इन्स्योरेन्स कम्पनी तथा र आईएमई जनरल लिमिटेड र प्रुडेन्सियल कम्पनी लिमिटेड रहेका छन्।

यस्तै, जीवन बीमातर्फ प्राइम लाइफ इन्स्योरेन्स कम्पनी, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी र युनियन लाइफ इन्स्योरेन्स कम्पनी, रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी र सानिमा लाइफ इन्स्योरेन्स कम्पनी तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी र प्रभु लाइफ इन्स्योरेन्सले एक आपसमा मर्जरका लागि सहमति पाएका छन्।

## मुद्दा फछ्र्यौट

बीमितले बीमा दाबी भुक्तानीका सम्बन्धमा चित्त नबुझाई बीमकविरूद्ध प्राधिकरणमा दर्ता गरेका मुद्दाहरूको फछ्र्यौटलाई प्राधिकरणले प्राथमिकता दिँदै आएको छ।

प्राधिकरणमा हालसम्म दर्ता भई फछ्र्यौट हुन बाँकी रहेका कूल २८० मुद्दामध्ये चालू आर्थिक वर्षको हालसम्मको अवधिमा ६८ मुद्दा फैसला र सहमतिबाट फछ्र्यौट भएका छन्। हाल प्राधिकरणमा २१२ वटा मुद्दा विचाराधीन रहेका छन्।

## सदाचार नीति, २०७९

नेपाल बीमा प्राधिकरणले बीमा व्यवसायमा सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्ने र सदाचारितालाई बीमा व्यवसाय संचालनको अभिन्न अङ्ग बनाउने लक्ष्यका साथ 'सदाचार नीति, २०७९' लागू गरेको छ।

प्राधिकरणले यही २०७९ माघ १२ गतेदेखि लागू गरेको सदाचार नीतिमा

बीमकमा नियुक्त हुने पदाधिकारी तथा कर्मचारीहरूले आफ्नो तथा आफ्ना सगोलाका परिवारका सदस्यहरूको आय, सम्पत्ति, दायित्व र कारोवार सम्बन्धी विवरण पदभार ग्रहण गरेको मितिले ३० दिनभित्र र प्रत्येक आर्थिक वर्ष शुरू भएको ६० दिनभित्र आफ्नो कार्यालयमा बुझाउनुपर्ने व्यवस्था रहेको छ।

यसैगरी, राष्ट्रको हित प्रवर्द्धन हुनेगरी बीमा व्यवसाय संचालन गर्ने, व्यवसाय संचालन गर्दा सार्वजनिक हितको संरक्षण एवम् सम्वर्द्धनमा विशेष ध्यान दिने, व्यवसायिक स्वस्थ प्रतिस्पर्धामा विश्वास गर्ने, व्यवसायिक पारदर्शितालाई बढावा दिने, बीमाशुल्क लगायतका आम्दानीहरू बीमक, बीमित र लगानीकर्ताको हितमा परिचालन गर्नुपर्ने लगायतका सदाचारका नियमहर बीमकका पदाधिकारीहरूले पालना गर्नुपर्ने व्यवस्था नीतिमा रहेको छ।

नेपाल बीमा प्राधिकरण, प्राधिकरणका संचालक समितिका सदस्य र कर्मचारी, बीमक, बीमकका पदाधिकारी र कर्मचारी, बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूमा सदाचार नीति लागू हुने उल्लेख छ।

## बीमकको संस्थागत सुशासन सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ मा समयसापेक्ष संशोधन गरी 'बीमकको संस्थागत सुशासन सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०७९' जारी गरेको छ।

प्राधिकरणले यही २०७९ साल माघ १० गते जारी गरेको निर्देशिकामा बीमकले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा क्रियाशील हुन प्रत्येक आर्थिक वर्षको खूद मुनाफाको एक प्रतिशत रकम छुट्याई 'संस्थागत सामाजिक उत्तरदायित्व कोष' खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ। कोषमा जम्मा भएको रकम शिक्षा, स्वास्थ्य, दैवीप्रकोप व्यवस्थापन, पीछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, बीमा साक्षरता लगायतका सामाजिक परियाजनाहरूमा खर्च गर्न सकिने व्यवस्था रहेको छ।

यसैगरी, अति विपन्न र सीमान्तकृत बर्गका लागि शिक्षा तथा स्वास्थ्य बीमा गर्न, प्राकृतिक प्रकोपबाट विपन्न बर्गको हुनसक्ने क्षतिको बीमाद्वारा रक्षावरण गर्न र बीमा कम्पनीमा कार्यरत कर्मचारीहरूका बालबालिकाका लागि Child Day Care Center को व्यवस्था गर्नका लागि कोषको खर्च गर्न सकिने व्यवस्था निर्देशिकामा रहेको छ।

## बीमा दाबी भुक्तानी मार्गदर्शन (दोस्रो संशोधन), २०७९

नेपाल बीमा प्राधिकरणले बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६ मा समयसापेक्ष संशोधन गरी 'बीमा दाबी भुक्तानी मार्गदर्शन (दोस्रो संशोधन), २०७९' जारी गरेको छ।

प्राधिकरणले यही २०७९ साल माघ १२ गते जारी गरेको निर्देशिकामा निर्जीवन बीमातर्फ रू. २ लाखसम्मको दाबी र बाली, पशुपन्छी, कृषि तथा लघुबीमातर्फ रू. ५० हजारसम्मको दाबीलाई सानो दाबी मानी यथाशीघ्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था गरिएको छ।

सानो दाबी भुक्तानीका लागि न्यूनतम प्रमाणहरू प्राप्त भएको मितिले १५ दिनभित्र फछ्र्यौट गरिसक्नुपर्ने र त्यसरी गरिएको दाबी भुक्तानीको त्रैमासिक विवरण सहितको प्रतिवेदन प्रत्येक तीन महिना समाप्त भएको मितिले १५ दिनभित्र प्राधिकरण समक्ष बुझाउनुपर्ने व्यवस्था निर्देशिकामा रहेको छ।

## आईपीओ निष्काशन अनुमति

नेपाल बीमा प्राधिकरणले नेटवर्थको दुई गुणाभन्दा बढी नहुने गरी प्रिमियममा आईपीओ निष्काशन गर्न विभिन्न चारवटा जीवन बीमा कम्पनीलाई अनुमति दिएको छ।

प्राधिकरणले कम्पनी ऐन, २०६३ मा रहेको प्रिमियममा आईपीओ निष्काशन गर्न मिल्ने व्यवस्था बमोजिम अनुमति दिएको हो।

अनुमति पाउनेमा जीवन बीमा कम्पनीहरूमा रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी, सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी र आईएमई लाइफ इन्स्योरेन्स कम्पनी रहेका छन्।

## बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९ जारी

नेपाल बीमा प्राधिकरणले बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९ जारी गरेको छ।

बीमा व्यवसायको विकासका लागि समय सापेक्ष दक्ष जनशक्ति छनौट गर्नका लागि निर्देशिका जारी गरिएको हो।

## जीवन बीमकको बीमाङ्की मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७ संशोधन

नेपाल बीमा प्राधिकरणले जीवन बीमकको बीमाङ्की मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७ संशोधन गरेको छ।

संशोधिन निर्देशिकामा फ्युचर बोनस (भावी बोनस) सम्बन्धी व्यवस्था रहेको छ।

प्राधिकरणले सोही व्यवस्था बमोजिम चालू आर्थिक वर्ष २०७८/७९ मा फ्युचर बोनस जम्मा ३५ प्रतिशत व्यवस्था गर्न सबै जीवन बीमा कम्पनीहरूलाई निर्देशन दिएको छ।